हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १४५ पृष्ठ : ४ २०७७ पुस १० गते शुक्रबार (Friday 25 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## 'बाक्लो हुस्सुले दुर्घटना बढ्यो'

**सिरहा ।** तराईमा चिसो बढेसँगै बाक्लो हुस्सुका कारण सवारी दुर्घटनाका घटना हुन थालेका छन् । बाक्लो हुस्सुसँगै सवारी चालकले समेत लापरवाही दुर्घटनाका प्रमुख कारक बनेको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिरहाको छुट्टाछुटै स्थानमा भएको सवारीमा परी दुई जनाको मृत्यु भएको छ । लहान नगरपालिका-१ पडरियास्थित सडकमा यात्रुबाहक बसले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे१ख १६७५ नंको भाग्यरेखा ट्राभल्सले सोही दिशामा जाँदै गरेको स१०प ९८४९ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालक खोटाङको रूपाकोट मझुवागढी नगरपालिका-४ का ३२ वर्षीय हिराबहादुर राईको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी गम्भीर घाइते राईको लहानस्थित रामकुमार उमा स्मारक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान सिरहाका प्रहरी निरीक्षक दानबहादुर मिरिङचिङले जानकारी दिए । यस्तै सिरहाको नरहा गाउँपालिका- ३ स्थित सडकमा आजै उखु लोड गरेको ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालक स्थानीय ३० वर्षीय मो नइम खाँको मृत्यु भएको छ ।





पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश २-०२-००१ त ०७६८ नम्बरको ट्र्याक्टरले पूर्वबाट पश्चिम जाँदै गरेको ज११प २१७८ नंको मोटरसाइकललाई ठक्कर दिंदा गम्भीर घाइते खाँ लाई उपचारका लागि मिर्चैयास्थित मङ्गलम हेल्थ केयर सेन्टर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरी निरीक्षक मिरिङचिङले जानकारी दिए ।

**सप्तरीमा एक बालिकासहित दुईको मृत्यु**

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कंचनरूप खण्डमा सोमबार राति बसको ठक्करबाट एक जना साइकल यात्रीको ज्यान गएको छ ।

पश्चिमबाट पूर्वतर्फ आइरहेको ना.६ख. ४८४२ नम्बरको यात्रुबाहक बसले विपरीत दिसाबाट गइरहेको साइकल यात्रीलाई ठक्कर दिंदा साइकल सवार कंचनरूप नगरपालिका ११ बस्ने ३५

———बाँकी ४ पेजमा

## अग्नि पीडितलाई राहत वितरण

**लहान ।** सिरहाको अर्नमा गाउँपालिका-२ ब्रह्मपुरीका अग्निपीडित परिवारलाई हर्ष नेपाल संस्थाले राहत वितरण गरेको छ ।

गत शुक्रबार राति भएको आगलागीमा परी स्थानीय घनश्याम महतो र रामप्रकाश महतोको घर जलेर नष्ट हुँदा खाद्यान्न, लत्ताकपडालगायत करिब रू दुई लाख मूल्य बराबरको क्षति भएको थियो ।

पीडित परिवारको घरमै पुगेर हर्ष नेपालका पदाधिकारीले एक क्विन्टल चामल, घर बनाउन रू ५० हजार नगद र कम्बल वितरण गरेको जनाइएको छ ।




## पालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन



**लै**ङ्गिक हिंसा नियन्त्रणका लागि सप्तरीको राजविराज नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा पालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन भएको छ ।

सप्तरीको राजविराज नगरपालिकाको सभा हलमा बुधबार भएको नगर भरीका अगुवा महिला महिला तथा पुरूषहरूको भेलाले १९ सदस्य पालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन गरेको हो ।

भेलाले सञ्जालको संयोजकमा महिला अधिकारकर्मी साधना कर्णलाई चयन गरेको छ भने अगुवा महिला सन्जु रायलाई सह संयोजक, रेहाना खातुन सचिव, विजय देवी यादव सह सचिव र चन्द्रशेखर साफीलाई कोषाध्यक्षमा चयन गरेको छ । यस्तै सञ्जालको सदस्यमा निर्मला पोखरेल, अनारदेवी चौधरी, ज्ञानु भट्टराई भवानी यादव, पवन देवी खंग, विजय कुमार यादव, मनोज साह, उर्मिला कुमारी यादव, अनिषा ठाकुर लगायत छन् ।

———बाँकी ४ पेजमा



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## अख्तियारको वार्षिक प्रतिवेदन

# प्रदेश २ मा धेरै उजुरी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७६ र ०७७ मा ४४१ वटा भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरेको छ । जसमा २ अर्ब ५३ करोड ६६ लाख ९८ हजार २ सय ६८ रूपैयाँ बिगो दाबी लिएको छ । आयोगले बिहीबार राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा भनेको छ, 'आयोगको ३० वर्षको इतिहासमा सबैभन्दा बढी मुद्दा हो ।' आयोगका अनुसार, आयोगले गएको वर्ष १२१२ जनाविरूध्द भ्रष्टाचार मुद्दा चलाएको थियो । जसमा ३ मन्त्री, ९ बिशिष्ट श्रेणी, अधिकृत ३३५, सहयोगी कर्मचारी ४४०, निर्वाचितरमनोनित ७० र बिचौलिया र मतियार ३३५ छन् । आयोगका अनुसार, त्यसमा घूस २०५, नक्कली प्रमाणपत्र ८५, सार्वजनिक सम्पत्तिको हिनामिना ७५, गैरकानूनी लाभ-हानि ३६, राजस्व हिनामिना १२, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी १८ र अन्य प्रकृतिका १२ मुद्दा विशेष अदालतमा दायर भए ।

आयोग स्थापना भएयताका ३० वर्षमा २८७८ मुद्दा दर्ता भएका छन् । आयोग २०४८ माघमा स्थापना भएको हो । आयोगले अदालतमा दायर मुद्दामा सफलता दर बढ्दै गएको उल्लेख गरेको छ । गएको वर्ष १९७ वटा मुद्दा फैसला भएकामा १६७ मा भ्रष्टाचारजन्य कसूर स्थापित भएको छ । जुन ८४८ प्रतिशत हो । विशेष अदालतका २० फैसलामा चित्त नबुझेपछि २० वटामा पुनरावेदन गएको छ । आयोगले वार्षिक प्रतिवेदनमा 'मन्त्रिपरिषद्‌बाट हुने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या' गर्नुपर्ने माग दोहो-याएको छ । उसले प्रतिवेदनमा भनेको छ, 'सार्वजनिक निकायबाट निहित व्यक्तिगत वा समूहगत हित वा स्वार्थ रहेका खरिद निर्णयसमेत मन्त्रिपरिषदमा पेश गरी निर्णय गर्ने पारिपाटी निरूत्साहित गर्न मन्त्रिपरिषदमा पेश गरिने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या एवं नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारणगरी नीतिगत निर्णयसम्बन्धी कार्यविधि तर्जुमा र कार्यान्वयन गर्ने ।'

आर्थिक कारोबार जोडिएका विषय मन्त्रिपरिषदबाट नीतिगत निर्णय गराएर छल्ने प्रवृत्ति बढ्दै गएपछि नीतिगत निर्णयको परिभाषाको माग आयोगले गरेको हो ।

**जनप्रतिनिधि भन्दा कर्मचारी धेरै भ्रष्ट**

आयोगले आब २०७६र७७ मा विशेष अदालतमा २ अर्ब ५३ करोड ६७ लाख बिगो माग दाबी गरेर १२१२ जनालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गऱ्यो । जसमा कर्मचारी सबैभन्दा बढी ८०४ जना छन् । त्यस्तै, बिचौलिया र मतियार ३३५ तथा ३ मन्त्रीसहित ७३ जना निर्वाचित र मनोनीत पदाधिकारी छन् ।

गत आबमा घुस रिसवतको आरोपमा २७७ जना पक्राउ परे । पक्राउ पर्नेमा पनि कर्मचारीहरूको संख्या सबैभन्दा बढी थिए । २०८ जना विशिष्ट श्रेणीदेखि सहायकस्तरसम्मका कर्मचारी पक्राउ परेका हुन ।

यस्तो आरोपमा पक्राउ पर्ने निर्वाचित वा मनोनित पदाधिकारी १४ जना छन् । आयोगले ५५ जना बिचौलिया र मतियारलाई नियन्त्रणमा लियो ।

**सामान्य प्रशासन मन्त्रालयमा एक तिहाई उजुरी**

मन्त्रालयगत हिसाबले गत आर्थिक वर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सबैभन्दा बढी उजुरी परेको छ। स्थानीय तहमा समेत गरेर यो मन्त्रालय अन्गर्तत ३०.०७ प्रतिशत उजुरी परेको आयोगले जनाएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा १६.३६, भूमि प्रशासनमा ८.२९ प्रतिशत उजुरी परेका छन् । त्यस्तै, दर्ता उजुरी मध्ये वन तथा वातावरणसँग सम्बन्धित ४.२१, स्वास्थ्य तथा जनसंख्यासँग सम्बन्धित ४.०७ र गृह प्रशासनसँग सम्बन्धित ३.६५ प्रतिशत छन् ।

त्यस्तै, नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ७.६३, गैरकानुनी सम्पत्ति आर्जनतर्फ ६.३७ र अन्य निकायसँग सम्बन्धित उजुरी १०.९४ प्रतिशत छन् ।

**प्रदेश २ मा धेरै उजुरी**

प्रदेशगत हिसाबले सबैभन्दा बढी उजुरी प्रदेश २ मा परेको छ । प्रदेश २ मा मात्रै २३.८७ प्रतिशत उजुरी दर्ता भएका छन् ।

संघीय राजधानी रहेको बागमती प्रदेशमा १९.५९, लुम्बिनीमा १०.७९ र सुदूरपश्चिममा ८.४४ प्रतिशत उजुरी परेका छन् । त्यस्तै, प्रदेश १ मा ९.८२, गण्डकीमा ५.३५ र कर्णालीमा ५.८२ प्रतिशत उजुरी दर्ता भएको आयोगले जानकारी दिएको छ । वार्षिक प्रतिवेदन सम्बन्धित कार्यालयहरूमार्फत सबै प्रदेश प्रमुखहरूलाई बुझाइएको अयोगका प्रवक्ता तारानाथ अधिकारीले जानकारी दिए ।

# मुलुक अनिश्चयको भुमरीमा

**कुलचन्द्र वाग्ले**



संसदमा झन्डै दुईतिहाइ बहुमत लिएर सरकारमा बसेको नेपाल कम्युनिस्ट पार्टी(नेकपा) विभाजनको अन्तिम विन्दुसम्म पुगेको छ । नेकपाका दुई अध्यक्ष बेग्लाबेग्लै धुरीमा बाँडिएका छन् । आन्तरिक लामो रस्साकस्सीमा टिक्न वा मिलाउन नसकेर नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरिदिए । उनी 'कथित' चुनावी प्रचारमा शक्ति लगाइरहेका र आफ्नो कदमको बचाउमा तर्क कुतर्क गरिरहेका छन् । नेकपाकै अर्को अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री केपी ओलीको प्रयत्नलाई परास्त गर्न प्रतिरोधका कदम चाल्दैछन् ।

लोकतान्त्रिक जनमतबाट सरकारको नेतृत्वमा आसीन केपी ओलीको असीम सत्ता महत्त्वाकांक्षाको परिणाम मुलुकको लोकतान्त्रिक राजनीतिको भाग्य भरोसा अदालतको आँगनमा आश्रित भएको प्रत्यक्ष छ । ओलीद्वारा विघटित प्रतिनिधिसभा ब्युँत्याइने कि अवसानमा पाने अनिश्चित छ । त्यस्तै नेकपा भागबन्डामा ओली वा दाहाल कुन समूहमा कसको भागमा पर्छ ? डाङ्पन्यु समाएको निर्वाचन आयोगको हातमा पुगेको छ । अदालत र आयोगको अन्तिम फैसलापछि नेकपाको अस्तित्व विभाजनले कानुनी वैधता पाउनेछ ।

दलीय प्रणालीमा दल विभाजनलाई सकारात्मक मानिदैन तर दल विभाजनको अवसर पनि दलीय प्रणालीले नै दिएको हुन्छ । अन्य प्रणालीमा यस्तो कल्पना गर्ने ठाउँ नै हुँदैन । विभाजन दलीय प्रणालीको लागि सुखद होइन र पनि दलहरूमा सानो, ठूलो विभाजन परम्पराजस्तै बनेको छ । विभाजन सधैं खराब नै हुन्छ भन्ने पनि छैन । कारण जे दिएर पनि हुने विभाजनलाई सकभर रोक्न वर्तमान संविधानमा दलको केन्द्रीय समिति र संसदीय दल दुवैतर्फ कमसेकम चालीस प्रतिशत सदस्य हुनुपर्ने प्रावधान राखिएको हो । यो प्रावधान दलीय संरचनाको स्थायित्वको पक्षमा देखिन्छ ।

प्रतिनिधिसभा संसद् विघटन नै हुनेगरी अदालती फैसला आयो भने समिति र दल दुवैतर्फको उक्त प्रतिशत अनिवार्य हुने देखिँदैन । यस कारण अदालतको फैसलाअघि निर्वाचन आयोगले नेकपा विभाजनको प्रमाणपत्र देला भन्न पनि सकिँदैन । किनभने संसद् विघटन वा पुनःस्थापना जे फैसला होला त्यसले संविधानको उक्त प्रावधानलाई असर गर्नेछ ।

अदालत र आयोगको अन्तिम फैसलाअघि नेकपा विभाजन राजनीतिक तहमा मात्र रहने र कानुनी आधिकारिकताका लागि पर्खनु पर्नेछ । त्यसो त यतिबेला कानुनी मार्गमा नै हिँडिन्छ भन्ने विश्वासिलो दृश्य छैन । प्रधानमन्त्री ओलीले विभाजनलाई सहज बनाउने अर्को अध्यादेश ल्याएर राष्ट्रपतिबाट लालमोहर लगाउन पनि सक्नेछन् ।

कानुनी प्रक्रिया व्याख्या गर्नेहरू कार्यकारी पक्षसँग लहसिएको वा तटस्थ फैसला गर्ने हैसियतमै रहेको परिदृश्य केही दिनमै बाहिर आउला । सुनिन्छ, कानुन हेर्नेहरू नै कार्यकारीसँग भागबन्डामा लागेको प्रतिविम्ब फैसलामा आउला कि ? जे आउला तर अहिले फुटको विन्दुमा पुगेको नेकपाको राजनीतिक विभाजन करिब पूरा भएको छ ।

अध्यक्ष दाहाल समूहले केन्द्रीय समिति र संसदीय दलको अत्यधिक मतले प्रधानमन्त्री ओलीलाई पार्टी अध्यक्षसमेत दलको नेताबाट पनि निष्कासन गरिसकेको पत्र आयोगमा बुझाएको छ । अध्यक्ष ओली समूह सत्ताको सुविधामा साम, दाम, दण्ड, भेद सबै उपाय प्रयोग गरेर नेकपा हत्याउने कि नेकपा (एमाले) जगाउने भन्ने दोबाटोमा छ ।

तीन वर्षअघि नेकपाका दुई घटक माओवादी केन्द्र र एमालेको अवसान गरी जन्माइएको सिद्धान्तहीन गठजोडलाई एकताको नेकपा भनिएको थियो । नेकपाको आश्चर्यजनक घोषणासँगै विभाजनको नियति पनि निहित थियो । कारण सिद्धान्तहीन र सत्ता स्वार्थ प्रेरित गठजोड थियो नेकपा । स्वार्थ प्रेरणाले नै दुई अध्यक्ष बनाइएको हो । सिद्धान्त तीलाञ्जली दिएर भागबण्डामा बनाइएका र भिन्न सोचबाट आएका दुई अध्यक्षबीच हिस्सेदारी तलमाथि पर्नेबित्तिकै घर्षण स्वाभाविक र अन्ततः विभाजनको तहमा पुग्नु अन्यथा होइन । दाहाल समूहमा बनाइएको पुनः दुई अध्यक्ष (माधव नेपाल) को नेकपाको नियति पनि पर्ख र हेरमा छ ।

नेकपा विभाजन हुनैपर्ने थियो । अधिनायकवादी एकाधिकार कायम गरेको कम्युनिस्ट सत्ता दमनको साहाराले मात्र दुनियाँमा टिकेको देखिन्छ । प्रतिस्पर्धी समाजमा एकाधिकारवादी सोच टिक्न सक्दैन र परिणाम कम्युनिस्टहरू जहाँतहीँ विभाजित, असफल र कमजोर भएको नै पाइन्छ । प्रतिस्पर्धात्मक लोकतान्त्रिक नेपालमा पनि यही सूत्र लागू हुनु स्वाभाविक हो । प्रतिस्पर्धी दुनियाँको यस्तो उदाहरणको अपवाद नेपाल कम्युनिस्ट पार्टी बन्ने सम्भावना नै थिएन ।

यसर्थ नेकपा विभाजन स्वाभाविक हो तर प्रधानमन्त्री केपी ओलीले लोकतान्त्रिक प्रणाली नै भत्काउने गरी चालेको कदम भने कम्युनिस्ट 'स्कुलिङ'को एकाधिकारवादी धङधडी नै हो । उनले लोकतन्त्रका लागि चौध वर्ष जेल बसेको दाबा कति नक्कली रहयो भन्ने तथ्य आखिर कम्युनिस्ट अधिनायकवादी प्रयत्नमा अहिले प्रकट भएरै छाड्यो ।

संसद् विघटनसँगै उनले गरेको निर्वाचन घोषणा निर्वाचन गराउनकै लागि होला त ? अहिले उनी जनमत परीक्षण लोकतन्त्रको सुन्दर पक्ष रहेको बयान दिएर विघटन र चुनाव घोषणालाई वैध ठहर्याउने लोकतन्त्रवादी जामा पहिरिँदै छन् । चौध वर्ष जेल बसाइको कथालाई लोकतन्त्रकै पर्यायजस्तो बताउने उनको अहिलेको जनमतको दुहाइ पनि हुनसक्छ ? सबै निश्चित भए हुन्छ, ओलीले आफ्नो प्रतिकूल हुने देखेमा निर्वाचन गराउने छैनन् । अरू बखेडा र अराजकता उत्पन्न गरेर पनि उनी कुर्चीमा टाँसिने छन् । उनको लोकतन्त्र त्यही हो । जनमत र लोकतन्त्रको हेक्का राख्थे भने त कम्युनिस्ट ओली असंवैधानिक निर्णय लिन हच्किने थिए नि !

जनप्रतिनिधिसभाको अस्तित्वमा खड्ग प्रहार गरेका नेकपा अध्यक्ष ओलीले यात्राको अन्तिम गन्तव्य संविधानको अवसानसम्म पुर्याउने छन् । चुनावी घोषणा उनको उद्देश्यमा पुग्ने बिसौनीमात्र हो, गन्तव्य होइन । गराउने त यो संविधानको समाप्ति नै हो । हेर्दै जाऔं । गए साताकै बिहीवार पनि यस्तै पंक्तिमा नेकपा अध्यक्ष, प्रधानमन्त्री ओलीले संसद् विघटन गर्ने कुरा मैले लेखेको हुँ । संविधानमा दबाब बढेको दोहोर्याई, तेहेर्याई लेख्दैगर्दा अब थिचिने, मिचिने र अन्ततः च्यातिने अवस्थामा पुगे, पुर्याइएको छ संविधानलाई । सात दशकको अवधिमा आठौं संविधानको अभ्यास गर्नुपरे दुनियाँलाई आश्चर्य होला, हामीलाई अनौठो हुनेछैन ।

प्रधानमन्त्री ओलीले राज्ययन्त्रलाई आफ्नो स्वार्थमा वैध, अवैध प्रयोग सुरुदेखि नै गर्दै आएका हुन् र संविधानको रक्षक मानिने राष्ट्रपतिलाई पनि सांसद्को शपथ नलिएकै अवस्थामा आफूलाई प्रधानमन्त्रीको शपथ दिलाउन सुरुमै बाध्य पारेका थिए । कानून, विधेयक र मन्तव्य सबै एकाधिकार कायम गर्ने उद्देश्यका थिए उनका ।

निश्चित छ , केपीको उपस्थिति प्रधानमन्त्रीमा रहँदासम्म घोषित मितिमा चुनाव हुनेछैन । किनभने केपी ओलीको अबको राजनीति पराश्रित भएको छ । उनले आफूले पाएको जनमतको आधारलाई आफैँले लत्याएका छन्, भत्काएका छन् । हुँदाछँदाको जनमतको भरोसालाई लत्याउने ओलीले पुनः जनमतको दुहाइ दिनु जति अमिल्दो छ त्यति नै उनको राजनीति पराधीन भएको छ । उनले आफ्नो सत्ता इच्छा बचाइराख्न अरूको इच्छासँग सम्झौता र भरोसा गर्नुपर्ने भएको छ । यो अवस्था संविधान र राष्ट्रका लागि घातक परिणाम ल्याउन 'अभिशप्त' बनाए उनले ।

——बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । धार्मिक यात्राको योगछ । नयाँ कार्यको योजना बन्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ ।

**वृष** :- आज भ्रमण, खानपान तथा फेसनमा धन खर्च बढ्नेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ ।

**मिथुन**:- आत्मबलमा बृद्धि र सन्तुष्टि प्राप्त हुनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । राज्यबाट सहयोग मिल्नेछ ।

**कर्कट** :- आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । अचल सम्पत्ती हात पर्ने योगछ । शुभ समाचार सुन्न पाइएला ।

**सिंह**:- आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ । स्वादिष्ट भोजन पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ ।

**कन्या** :- राज्यबाट दण्ड तथा जरिवाना हुँन सक्छ, काम गर्दा सजक भएर गर्नुहोला । मन खिन्न हुने स्थिति आउनेछ । अनावश्यक झमेलामा परिएला ।

**तुला** :- विद्या तथा प्रतिस्पर्धामा सफल भईनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । प्रेमीको सहयोग पाईनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ ।

**वृश्चिक** :- आज प्रतिष्ठित काम गर्ने मौका छ । मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइने योग छ। स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**धनु** :- आज जोश जाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । परिवारिक सद्भाव बढ्नेछ ।

**मकर**:- कार्य सम्पादनमा सहजता मिल्नेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । कुटुम्बको सहयोग मिल्नेछ ।

**कुम्भ**:- अँटेको र ताकेको कार्य पुरा होला । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । दिनको उत्तरार्धमा मन पर्ने व्यक्तिसँग भेटघाट हुनेछ ।

**मिन** :- परोपकारी कार्यमा संलग्न भइनेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

# राजावादीको आन्दोलन 'पुस माघ महिनाको हावा-बतास जस्तो'

## गाउँघर

राजकुमार राउत



मुलुकको वर्तमान राजनैतिक परिदृश्यमा चार वटा विषय चरम चर्चामा छन् । राजावादीको देशका ठाउँ ठाउँमा भइरहेको नारा जुलुस, दोस्रो नेपाली कांग्रेसका केन्द्रीय नेता रामचन्द्र पौडेललाई प्रहरीद्वारा गरिएको अभद्र व्यवहार प्रति देशभर नेपाली कांग्रेसको विरोध जुलुस, तेस्रो प्रचण्ड-नेपाल र ओली बीचको राजनीतिको शीखर चुम्ने झगडा तथा चौथो प्रधानमन्त्रीद्वारा संसद विघटन । यी हरेक विषयका आ-आफ्नै विवरण र कारणहरू छन् ।

राजावादीले आन्दोलन गरेर लोकतान्त्रिक र गणतान्त्रिक शक्तिहरूलाई घुर्की देखाएर तर्साउने कोशीस गरिरहेका छन्, जुन असंभव र कोरा कल्पना जस्तो मात्र छ । मुलुकले विगत एक डेढ शताब्दी देखि धेरै फड्को मारिसकेको छ । १०४ वर्षे हुकुमी राणा शासनको अन्त भयो र २००७ सालको क्रान्तिले देशमा प्रजातन्त्र आयो र त्यस कलिलो प्रजातन्त्रलाई २०१७ सालमा शाह वंशीय निरकुंश प्रतिनिधि राजा महेन्द्रबाट 'कु' गरी पञ्चायत कालको स्थापना गरियो । जसको चर्को विरोध र आलोचना देश देखि सारा संसारमा नै भयो र २०३५ सालको विद्यार्थी आन्दोलन शुरूवात भै २०३६ मा जनमत सँग्रह भयो ।

पंचायतलाई बहुदलवादीले ठुलै चूनौती दिएर शासन सत्ताको बलले पंचायतलाई जनमत संग्रहमा विजय भएको घोषणा गरियो । त्यसपछि प्रजातन्त्रको खोल ओढ्न कहिले संविधान संशोधन कहिले सुधारिएको पंचायत इत्यादि गर्दागर्दै २०४६ सालको जन आन्दोलनबाट राजा परिस्थिति वश संवैधानिक रहन तयार भए र तदनुरूप शासन सत्ता संचालन हुँदै गर्दा एकातिर २०५२ सालदेखिको २०६२ सम्म माओवादीहरूको जनयुद्ध र अर्को नेपालीहरूको इतिहासमा सबभन्दा ठूलो घटना २०५८ जेठ १९ भयो जसमा विधिवत राज वंशको अन्त भयो जुन जनताले गरेका थिएनन् ।

२५ सय सेनाको पहरा र संम्पूर्ण सुरक्षा बन्दोबस्तीको बाबजुद लोकप्रिय राजा वीरेन्द्रको वंशको समूल नस्ट भयो र राजा संस्था प्रति आस्था पनि नेपाली जनताको रहेन र वितृष्णा पनि बढ्दै गयो । २०६२।०६३ को आन्दोलनले लोकतान्त्रिक गणतन्त्र स्थापना भयो र जसको संवैधानिक रूपमा २०७२ को संविधान हो । २०७२ को संविधानको नीति निर्देशनमा मुलुक दिशा निर्देशित हुँदै छ र संचालन हुँदैछ ।

हो देशमा राजनीतिक उतार चढाव भीषण रूपमा हुँदैछ । सत्ताका नायकहरूले चरम नातावाद, कृपावाद, घुसतन्त्र, कमिशन तन्त्र, अपारदर्शिता, दण्डहिनता, राज्य अपराध, महिला अपमानजनक बढ्दो घटना, शान्ति सुरक्षाको राष्ट्रिय रूपमा खस्कदो अवस्थाहरू छन् तर त्यसको महत्व प्रणालीलाई संविधानलाई दोष दिन मिल्दैन । राजतन्त्रलाई ब्यूताउन खोज्नुको मतलव हो निरंकुश राजतन्त्रको पर्याय हुन्छ, हुकुमी शासन, तानाशाह, एकाधिकार, निरंकुशता, स्वेच्छाचारी पनि जनता निरपेक्ष शासन र जनता सबभन्दा बढी बञ्चित स्वतन्त्रतासँग हुन्छ ।

प्रजातन्त्र र लोकतन्त्रका लागि लखन थापा देखि, गंगालाल, धर्मभक्त, शुक्रराज देखि दुर्गानन्द झा, कामेश्वर, कुशेश्वर देखि राम, लक्ष्मण सम्म हजारौले शाहदत दिएका छन् । हुन त वादको हिसाव निरंकुश राजतन्त्र जस्तै साम्यवाद पनि हुन्छ तानाशाही प्रवृत्तिको हिसावले । तर साम्यवादीहरू संसदीय अभ्यासमा आइसकेपछि यिनीहरूको चरित्र लोकतान्त्रिक पद्दति अनुसारको भएको छ जसको श्रेय लेनिनले नै बोल्सेविक र मेन्सेविक भन्ने अभ्यास गरेर सिद्ध पारिदिएका छन् । नेपालका वामपन्थी नेताहरू मनमोहन अधिकारी, भरत मोहन अधिकारी, मदन भण्डारी, तुलसी लाल अमात्य, विष्णु बहादुर मानन्धर, कृष्ण राज बर्मा साह्रै मिलनसार र लोकतान्त्रिक चरित्रको भएको जग जाहेर छ । मन्दिरमा फूल तोडेर पूजा गर्न खोज्दा बेली, चमेली, गेंदाको फूल उपलब्ध भएन भने हेहरा र सिमलको फूल लिएर पूजा गरिंदैन त्यसैले लोकतन्त्रको विकल्प राजतन्त्र कुनै पनि हालतमा हुन सत्तैन । जहाँसम्म हिन्दु राष्ट्रको कुरा छ सम्पूर्ण संसारले नेपाललाई सीता, भृकुटी, बुद्ध, माउण्ट एभरेष्ट र हिन्दु राष्ट्रको रूपमा चिन्दछन् । तर २०७२ मा हिन्दु राष्ट्र त संवैधानिकले हटाएको छैन हिन्दु धर्मको जुन स्थान अरू संविधानले दिएको थियो त्यो छैन त्यसैले हिन्दु राष्ट्र र हिन्दु धर्मको प्रबल अस्तित्व र प्रतिष्ठाको लागि राजतन्त्र जोड्नु २१ औं शताब्दीको सुहाउँदो रूप हुँदैन ।

राजावादीको आन्दोलनको बारे बुद्धिजिवी राम परीक्षण महतोका अनुसार यो संसदवादीहरूको कचिंगल र फोहरी खेल देखेर नै नेपालीहरू साँचो रूपमा होइन तर्साउनको लागि रिसपूर्वक नारा लगाएका होलान ।

अर्को कानुनविद संतोष सुवेदीका अनुसार गैर संवैधानिक क्रियाकलाप भै रहँदा पनि सरकार मूक दर्शक भएर बस्नु शासन सुहाउँदो भएन । अर्का बुद्धिजिवी निर्माण व्यवसायी संघका जिल्ला अध्यक्ष एवं कांग्रेस नेता रासलाल राय राजावादीहरूले नहुने र विना मौसमका बाजा बजाउन खाजेको तर्क गर्छन । नगर सभापति महावीर मण्डलका अनुसार हिन्दु धर्म र हिन्दु राष्ट्र हामीलाई चाहिन्छ तर राजतन्त्र चाहिंदैन ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |



## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# प्रचण्ड-माधव समूहद्वारा आन्दोलनको घोषणा, १४ गते देशभर प्रदर्शन गर्ने



नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को प्रचण्ड-माधव समूहले संसद विघटनविरुद्ध आन्दोलनको घोषणा गरेको छ ।

बिहीबार बसेको केन्द्रीय कमिटी बैठकले भोलिबाटै सडकमा आन्दोलनमा उत्रिने निर्णय गरेको हो। काठमाडौंमा भोलिदेखि नै दैनिक रूपमा कुनै न कुनै प्रकारको विरोध गर्ने यो समूहको निर्णय छ ।

देशव्यापी प्रदर्शन भने १४ गते हुने प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रकाशले बताए । उनका अनुसार काठमाडौंमा मुख्य प्रदर्शन हुनेछ । यसका लागि बाग्मती प्रदेशका भने सबै जिल्लालाई राजधानीमा नै केन्द्रीत गरिनेछ ।

यसपछि अझ सशक्त उच्चस्तरीय कार्यक्रम घोषणा गरिने प्रवक्ता श्रेष्ठले बैठकमा जानकारी दिए । उनले भने, 'यो नेपाल बन्दसम्म पनि हुन सक्छ ।'

आन्दोलनका लागि श्रेष्ठकै संयोजकत्वमा २५०१ सदस्यीय जनआन्दोलन परिचालन समिति बनेको छ । यसको सचिवालय पनि बनाइनेछ ।

बैठकले पुस १० गते माइतीघर मण्डलामा जम्मा भएर संयुक्त पत्रसहित निर्वाचन आयोगमा जाने र २ बजे पत्रकार सम्मेलन गर्ने निर्णय गरेको छ । ११ गते ७ प्रदेशका प्रदेश कमिटी बैठक सम्बन्धित प्रदेशमै गर्ने र १२ गते ७७ जिल्लामा जिल्लास्तरीय भेला निर्णय भएको छ ।

२० गतेसम्म सबै नगर तथा गाउँ र २५ गतेसम्म वडास्तरमा बैठक एवं भेला गर्ने बैठकको निर्णय छ।

*अनलाईनखबरबाट*

## बाक्लो ...

वर्षीय मनोज कुमार चौधरीको मृत्यु भएको हो ।

प्रहरीका अनुसार राति ८ बजेतिर भएको घटना पश्चात् तत्काले चौधरीलाई स्थानिय धर्मेश्वर अस्पताल लगिएको थियो । तर, अवस्था गम्भिर भएपछि थप उपचारका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै उनको मृत्यु भएको थियो । ठक्कर दिने बसलाई नियन्त्रणमा लिइए पनि चालक भने फरार रहेको र खोजी कार्य भइरहेको डिएसपी भुवनेश्वर साहले जानकारी दिए । यता गत बुधबार बा.१७च. ३७८६ नम्बरको कारको ठक्करबाट गम्भिर घाइते भएकी डाक्नेश्वरी नगरपालिका ९ की ५ वर्षीया प्रिन्सिका कुमारी चौधरीको मंगलबार उपचारका क्रममा मृत्यु भएको छ । शम्भुनाथ सडकखण्डमा सो कारले ठक्कर दिँदा गम्भिर घाइते भएकी बालिका चौधरीलाई उपचारका लागि बिराटनगरस्थित न्यूरो अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा मंगलबार बिहान उनको मृत्यु भएको डिएसपी साहले बताए । दुबै घटनामा बाक्लो हुस्सु र चालकको लापरवाही प्रमुख कारकको रूपमा देखिएको प्रहरीको भनाइ छ ।

## पालिका...

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा बुधवार भएको भेलाले पालिका स्तरीय लैंगिक हिंसा नियन्त्रण सञ्जालको अध्यक्षमा अगुवा महिला संगिता मण्डललाई चयन गरेको छ ।

तिलाठी कोइलाडी गाउँपालिकाको महिला शाखाकी निलम वर्माको उपस्थितीमा भएको भेलाले सञ्जालको उपाध्यक्षमा भगवत साह, आशा सिंह, सचिवमा कामेश्वर राम, सह सचिव मोहित कुमार चौधरी, कोषाध्यक्षमा महादेवी मण्डललाई चयन गरेको छ । यस्तै सदस्यहरूमा उषा मण्डल, निलम बर्मा, राम यादव, रामनारायण मण्डल, त्रिफुल सरदार, दुर्गा देवी मण्डल, प्रहरी चौकी को बरसाइनलाई चयन गरेको छ । यस्तै भेलाले समितको सल्लाहकारमा सुनर खंग र दयावती सरदारलाई चयन गरेको समग्र जन उत्थान केन्द्रका स्थानीय सहजकर्ता रिंकु मण्डलले जानकारी दिइन ।

युकेएडको आर्थिक सहयोगमा भिएसओ नेपाल र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्र लहानद्वारा सञ्चालन सहज परियोजना अन्तरगत बुधवार सप्तरीको राजविराज नगरपालिका र तिलाठीकोइलाडी गाउँपालिकामा भएको लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल सम्बन्धी अभिमुखिकरणमा सहभागीहरूले सञ्जालको महत्व र आवश्यकता बारे बुझेपछि सञ्जाल गठन गरेको हो ।

## मुलक ...

प्रधानमन्त्री ओली सम्पोषितबाहेक सम्पूर्ण जनमत उनको निर्णयविरूद्ध मुखर छ । संविधानविद्हरूको ठूलो पंक्ति प्रतिनिधिसभा विघटन संविधानविपरीत भएकोमा एकमत छन् । सबैले अवैध भनेको प्रधानमन्त्रीको कदमको पक्षमा कुनै पनि स्वतन्त्र र विवेक भएको व्यक्ति वा समूह लाग्ने सम्भावना देखिँदैन । राष्ट्र र लोकतन्त्रभन्दा पनि राजनीतिक स्वार्थ प्रेरित केही समूह ओलीले सल्काएको आगोमा रोटी सेक्ने दाउमा यहाँ होलान् । सामरिक मतलब हेर्ने वाह्य शक्तिको पनि आफ्नै दाउ होला । सबैलाई खेल्ने मौका नेकपाले दिएको छ र राष्ट्रलाई घायल बनाउने खड्ग उज्याइएको छ ।

संविधानलाई समाप्त गर्ने प्रायोजित घटनाको पार्श्व पात्रमध्ये एकजना उद्भटको कसैले यहाँ चर्चा गरेको छैन । उनी धेरैपटक सभामुख र संविधानसभा अध्यक्ष भइसकेका सुवास नेम्वाङ हुन् र कानुनवेत्ता पनि । केपी ओलीको उत्तराधिकारी बन्ने नेम्वाङको आकांक्षा अन्यथा होइन । उनले जानी नजानी अध्यक्ष ओलीको वैध, अवैध निर्णयलाई साथ वा प्रेरणा दिएको प्रस्टै छ । बाहिर बोल्दा शालीन, सन्तुलित देखिने नेम्वाङको कानुनी पृष्ठभूमिसँग प्रधानमन्त्री ओली विश्वस्त पाइन्छन् । सबैले अवैध भने पनि नेम्वाङको कानुनी आडसमेत प्रधानमन्त्रीको 'अवैध' कदमको भरोसा हो तर परिणाम को कहाँ पर्छ अहिल्यै खुल्दैन, पर्खनै पर्छ । आफ्नो आकांक्षा गोप्य राखेर पूरा गर्ने माहिर राजनीतिक खेलाडी रहेछन् सुवास नेम्वाङ । नेकपाको उहापोहका एक पार्श्व तर प्रभावी खेलाडी हुन् यिनी । अन्ततः नेकपा आधिकारिकरूपमै टुक्रिनेछ तर परिणाम त्यतिमै सीमित रहनेछैन । वर्तमान संविधानको प्रावधान विपरीत उभिएका प्रधानमन्त्री ओलीको कदम चुनावमा पुगेर थन्किने भए उनले यसअघि पाएको मत चुनावको फतिफल नै त थियो । नेकपाका नेताले नै काम गर्न नदिएको कारण संसद् विघटन गरेको भन्ने प्रधानमन्त्री ओलीले सरकारले गरेका काम बखान्न समर्थकलाई उर्दी गर्नु वा आफै फेहरिस्त दिनु स्वयंमा विडम्बनापूर्ण छ ।

लाग्छ, ओली उत्पन्न संकट समाधान गर्न नेपालका अरू राजनीतिक दल समर्थ बन्न सक्दैनन् कि ? यस्तोमा ओलीको लगाम अर्केको हातमा पुग्नेछ र नेपालको नियति अर्केले कोर्नेछ । त्यसपछि ओलीको राजनीतिक उपयोगिता पनि खतम हुनेछ । सत्ता दम्भ र असीमित लालसाले स्वयं फसेका प्रधानमन्त्री ओली माध्यम कहाली लाग्दो अनिश्चयको भुमरीमा मुलुक, प्रणाली र जनतालाई फसाइएको छ । बहुकोणीय सम्भावनाहरू सधैं अनिश्चित नै हुन्छन् र धेरैजसो दुर्घटनाउन्मुख पनि । भुमरीमा संविधान परेको छ, संविधान राष्ट्र, राजनीतिको समग्र विम्ब हो । *बाह्खरीबाट*




## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)